NYSED.gov



# NYSESLAT अभिभावक सूचना पुस्तिका

**NEPALI -** NYSESLAT Parent Information Brochure

**स्वागत छ! न्यूयोर्क राज्य शिक्षा विभाग (NYSED) द्विभाषी शिक्षा र विश्व भाषाको कार्यालय (OBEWL)को मिशन अंग्रेजी भाषा शिक्षार्थिहरु (ELLs) / बहुभाषी शिक्षार्थिहरु (MLLs) सहित सबै न्यूयोर्क राज्य (NYS)का विद्यार्थीहरूको उच्च स्तरिय शैक्षिक सफलता र भाषा प्रवीणता प्राप्ति सुनिश्चित गर्नु हो। हामी सबै विद्यार्थीगरुको व्यक्तिगत शैक्षिक मार्ग र सामाजिक-भावनात्मक आवश्यकता धैरै भाषामा पुरा गरि कलेज र रोजगरिको लागि तयारीरको सुनिश्चित गर्न सक्दो प्रयास गर्दछौं। प्रत्येक वर्ष तपाईको बच्चाले भाषा प्रवीणता मूल्यांकन, न्यूयोर्क राज्य दोस्रो भाषाका रूपमा अंग्रेजी उपलब्धि परीक्षण (NYSESLAT) दिनेछन्।**

## परिचय

NYSESLAT अंग्रेजी भाषा शिक्षार्थिगरुका लागि न्यूयोर्क राज्य पहिचान परीक्षण (NYSITELL) द्वारा ELL / MLLका रूपमा पहिचान भएका सबै विद्यार्थीहरूलाई दिइएको छ। यो NYSESLATको उद्देश्य न्यूयोर्क राज्य स्कुलहरुमा K-१२ मा भर्ना भएका ELLs / MLLs को अंग्रेजी भाषा प्रवीणता स्तर मूल्याङकन गर्नु हो। परीक्षणले राज्य, स्कुल, अभिभावक र शिक्षकहरूलाई ELLs / MLLs को अंग्रेजी भाषा विकास बरे महत्त्वपूर्ण जानकारी दिन्छ।

## NYSESLAT कहिले दिइन्छ?

NYSESLAT सामान्यतया वसन्तमा अप्रिल र मेको समयमा सन्चालन गरिन्छ।

## विद्यार्थीहरूलाई कस्ता किसिमका प्रश्नहरु गरिनेछ?

यो NYSESLATमा बहु छनौट, छोटो लिखित प्रतिक्रिया प्रश्न, लामो लिखित प्रतिक्रिया प्रश्न, र अंग्रेजीमा सुन्ने , बोल्ने पढ्ने, र लेख्ने मौखिक प्रतिक्रिया प्रश्नहरू सामेल छन्। तपाईको बच्चाले परीक्षणको सबै भागहरु लिनु पर्छ। NYSESLAT प्रश्नहरुले तपाईँको बच्चाले कक्षामा कस्ता प्रकारका गतिविधिहरु र कार्यहरू अनुभव गर्छन् त्यो प्रतिबिम्बित गर्दछ।

## NYSESLAT कसले सञ्चालन गर्दछ?

NYSESLAT योग्य न्यूयोर्क राज्य शिक्षाकर्मि द्वारा सञ्चालित छ।

## म कसरी बच्चाको NYSESLAT स्कोरको प्रतिलिपि प्राप्त गर्न सक्छु?

तपाईको स्कूलले तपाईको बच्चाको अंग्रेजी भाषा विकास प्रगति बारे विशेष जानकारी दिन NYSESLAT स्कोर रिपोर्ट प्रदान गर्नेछ।

## स्कूल वर्ष २०१५-२०१६ र त्यसपछिका लागि अंग्रेजी भाषा प्रवीणता स्तर के के हुन?

अंग्रेजी भाषा प्रवीणता विद्यार्थीहरूको बीचमा धेरै भिन्नताको अनुमतिका लागि प्रवीणता स्तर चार देखि पाँचमा सरेकोछ:




## अंग्रेजी प्रवीणता स्तर भनेको के हो?

NYSESLAT प्रवीणता स्तरको विवरण तलको तालिकामा दिएको छ।

| स्तर | अंग्रेजी भाषा प्रवीणता स्तरको विवरण | |
|---|---|---|
| **प्रवेश**<br>*(सुरुवात* | प्रवेश स्तरमा विद्यार्थीको शैक्षिक भाषा कौशल बढाउन सहयोग र संरचनामा ठूलो निर्भरता छ र अझै विभिन्न शैक्षिक प्रसङ्गहरुमा (क्षेत्रहरुमा) अंग्रेजी भाषा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धी मागहरु पुरा भएका छैन्न। | ELL सेवाहरूको लागि योग्य |
| **उदयमान *(कम मध्यवर्ती)*** | उदयमान स्तरमा  विद्यार्थीको शैक्षिक भाषा कौशल बढाउन सहयोग र संरचनामा केही निर्भरता छ र अझै विभिन्न शैक्षिक प्रसङ्गमा (क्षेत्रहरुमा) अंग्रेजी भाषा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धी मागहरु पुरा भएका छैन्न। | |
| **परिवर्तनिय (मध्यवर्ती)** | परिवर्तनिय स्तरमा विद्यार्थी शैक्षिक भाषा कौशल विकासमा केही स्वतन्त्रता देखाउँछन्, तर विभिन्न शैक्षिक प्रसङ्गहरुमा (क्षेत्रहरुमा) अंग्रेजी भाषा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धी मागहरु पूरा गर्न अझै बाँकी छ। | |
| **विस्तारित (विकसित)** | विस्तारित स्तरमा विद्यार्थी शैक्षिक भाषा कौशल विकासमा ठूलो स्वतन्त्रता देखाउँछन् र विभिन्न शैक्षिक प्रसङ्गहरुमा (क्षेत्रहरुमा) अंग्रेजी भाषा प्रवीणता देखाउन आवश्यक भाषा सम्बन्धी मागहरु पुरा हुने क्रम नजिकिदै छ। | |
| **समादेशक (दक्ष)** | समादेशक स्तरमा विद्यार्थीका विभिन्न शैक्षिक प्रसङ्गहरु (क्षेत्रहरुमा) अंग्रेजी भाषा प्रवीणता देखाउन आवश्यक भाषासम्बन्धी मागहरु पुरा भएका छन्। उ अब देखि ELL होइन। | ELL सेवाहरूको लागि अयोग्य |

## यदि मेरो बच्चाहु IEP हो भने NYSESLAT परीक्षणको समयमा सुविधाको अनुमति हुन्छ?

हो, परीक्षण सुविधाहरु व्यक्तिगत शिक्षा कार्यक्रम (IEPs) सहित ELLsका लागि NYSESLAT लिदा प्रदान गरिन्छ। तपाईको बच्चाले पाउन सक्ने सुविधाहरू बारे विशेष जानकारी प्राप्त गर्न आफ्नो बच्चाको शिक्षक संग कुरा गर्नुहोस्। थप जानकारीको लागि कृपया: http://www.p12.nysed.gov/assessment/nyseslat/ मा जानुहोस्

## मेरो बच्चा एक ELL / MLLका रूपमा कुन सेवाको लागि हकदार छ?

तपाईको बच्चा द्विभाषी शिक्षा (परिवर्तनिय वा दोहोरो भाषा) र / वा नयाँ भाषाका रूपमा अंग्रेजी (ENL) सेवाहरूको लागि हकदार छन्। तपाईको बच्चाको प्रवीणता स्तरले उसले प्रत्येक हप्ता प्राप्त गर्ने ELL सेवाहरूको मिनेट (कक्षा समय)को निर्धारण गर्छ। प्रवीणता स्तर अनुसार विशेष मिनेट तलको तालिकामा हेर्नुहोस्।

| स्तर | K-८ प्रति हप्ता ENL निर्देशनको मिनेट | ग्रेड ९-१२ प्रति हप्ता ENL निर्देशनको मिनेट* | द्विभाषी कार्यक्रममा विद्यार्थीहरु |
|---|---|---|---|
| प्रवेश (सुरुवात) | ३६० मिनेट | ५४० मिनेट | • १ घरेलु भाषा कला कोर्स<br>• न्यूनतम २ द्विभाषी सामग्री क्षेत्र विषयहरू |
| उदयमान (कम मध्यवर्ती) | ३६० मिनेट | ३६० मिनेट | • १ घरेलु भाषा कला कोर्स<br>• न्यूनतम २ द्विभाषी सामग्री क्षेत्र विषयहरू |
| परिवर्तनिय (मध्यवर्ती) | १८० मिनेट | १८० मिनेट | • १ घरेलु भाषा कला कोर्स<br>• न्यूनतम १ द्विभाषी सामग्री क्षेत्र विषयहरू |
| विस्तारित (विकसित) | १८० मिनेट | १८० मिनेट | • १ घरेलु भाषा कला कोर्स<br>• न्यूनतम १ द्विभाषी सामग्री क्षेत्र विषयहरू |
| समादेशक (दक्ष) | समादेशक स्तरमा विद्यार्थीका विभिन्न शैक्षिक प्रसङ्गहरुमा (क्षेत्रहरुमा) अंग्रेजी भाषा प्रवीणता देखाउन आवश्यक भाषासम्बन्धी मागहरु पुरा भएका छन्। उसलाई अब देखि ELL मानिदैन तर उ दुई वर्ष सम्म पूर्व ELL सेवाहरू प्राप्त गर्न हकदार छन। | | |

*ENL निर्देशनको केहि भाग एकीकृत सामग्री क्षेत्र कक्षाको माध्यममा हुन सक्छ।

## पूर्व ELL सेवाहरू के हुन्?

विद्यार्थी जब कमान (दक्ष) स्तरमा पुग्छन् अब उनी ELL मानिदैन र ELL सेवाहरूको लागि योग्य छैनन्, तर पूर्व ELL सेवाहरुको लागि योग्य छन्। पूर्व ELL सेवाहरुमा ELA / कोर सामग्री क्षेत्र, वा अन्य स्वीकृत पूर्व ELL सेवाहरूमा थप दुई वर्षसम्म प्रति हप्ता ५ एकाइको एकीकृत ENL अध्ययन समावेश हुन्छ। यी विद्यार्थीहरूले व्यात्तिगत अध्यान र समर्थन प्राप्त गरिरहनुपर्छ जसले शैक्षिक परिणाम सुधार गर्न भाषा र शैक्षिक प्रगतिको मापन गर्दछ।

## म कसरी मेरो बच्चालाई NYSESLAT तयारका लागि मदत गर्न सक्छु?

आमाबाबुले विद्यार्थीहरूलाई NYSESLAT तयारका लागि मदत गर्न सक्ने धेरै कुराहरू छन्। यहाँ केही सुझावहरू छन्:

- प्रत्येक परीक्षण सत्र पूर्व तपाईको बच्चाले पर्याप्त निद्रा पुऱ्याउने र पौषटिक सन्तुलित भोजन खाने कुराको निश्चित गर्नुहोस्।
- परीक्षण बारेमा सकारात्मक प्रोत्साहन र आश्वासन प्रदान गर्नुहोस् किनककि त्यसले तपाईको बच्चाको परीक्षण स्कोरमा सकारात्मक प्रभाव पार्न सक्छ।
- परीक्षण अनुभव सन्दर्भमा तपाईले प्राप्त गरेका कुनै र सबै जानकारी पढ्नुहोस् र आफ्नो बच्चाहरु संग समीक्षा गर्नुहोस्।
- तपाईको बच्चालाई आश्वासन दिनुहोस् कि यो मूल्यांकन उनको अंग्रेजी भाषा विकास मापन गर्न हो ।
- तपाईले घरमा प्रदान गर्न सक्ने विशिषेश सहयोग र सिफारिसहरूको लागि तपाईँको बच्चाको कक्षा र नयाँ भाषाका रूपमा अंग्रेजी / दोस्रो भाषाका रूपमा अंग्रेजी (ENL / ESL) वा द्विभाषी शिक्षकसंग भेट्नुहोस् र नजिकमा रहेर काम गर्नुहोस्।

## थप स्रोत र सहयोग

**NYSESLAT बारे जानकारी http://www.p12.nysed.gov/assessment/nyseslat/ र https://www.engageny.org/resource/spring-2015-nyseslat-resources मा पाउन सकिन्छ। तपाईसंग आफ्नो बच्चाको अंग्रेजी भाषा प्रवीणता स्तर बारे थप प्रश्नहरू छन् भने, emscassessinfo@nysed.gov वा 518-474-5902 कल गरि सम्पर्क गर्नुहोस्। द्विभाषी / ENL सेवाहरूको सन्दर्भमा प्रश्नहरु फोन 518-474-8775 वा ई-मेल obefls@nysed.gov मार्फत द्विभाषी शिक्षा र विश्व भाषा (OBEWL)को कार्यालयमा निर्देशित हुन सक्छन्।**

ELL सेवाहरू बारे प्रश्न र चिन्ताको लागि कृपया सम्पर्क गर्नुहोस्
nysparenthotline@nyu.edu
ELL अभिभावक हटलाइन: (८००) ४६९-८२२४

**थप प्रश्नहरू?**
कृपया द्विभाषी शिक्षा र विश्व भाषाको कार्यालयमा प्रश्नहरू वा टिप्पणीहरु पठाउनुहोस्: OBEFLS@nysed.gov
वा : ७१८-७२२-२४४५मा कल गर्नुहोस्
NYSESLATको थप जानकारीको लागि:
http://www.p12.nysed.gov/assessment/nyseslat/मा जानुहोस्

NYSED.gov